**नेपाल सरकार**

## राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

**सानोठिमी भक्तपुर**

## माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा समावेश हुनका लागि रजिस्ट्रेसन फाराम भर्ने भराउने म्याद थप गरिएकोसम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० सानोठिमी, भक्तपुरबाट मिति २०८२ वैशाख १२ गतेको गोरखापत्रमा प्रकाशित सूचनाबमोजिम २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा समावेश हुन चाहने परीक्षार्थीहरुका लागि रजिस्ट्रेसन फाराम भर्ने भराउने अन्तिम म्याद २०८२ जेठ ११ गतेसम्म तोकिएकोमा विद्यालय, विद्यार्थी र अभिभावकहरुको मागबमोजिम उक्त फाराम भर्ने अन्तिम म्याद २०८२ जेठ ३० गतेसम्म कायम हुने गरी म्याद थप गरिएको छ । विद्यालयहरुले उक्त फाराम रुजु गरी राजस्व शीर्षक नं. १४२२३ मा तोकिएको राजस्व रकम जम्मा गरेको भौचरसहित २०८२ असार ८ गते आइतबारसम्म शिक्षा विकास तथा समन्वय एकाइमा बुझाइसक्नुपर्ने छ । साथै रजिस्ट्रेसन फारामसम्बन्धी अन्य कार्यतालिका पूर्व सूचनाअनुसार नै कायम गरिएको बेहोरा सम्बद्ध सबैको  जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त सूचनाको बुँदा नम्बर ४ मा उल्लेख भएको विद्यार्थीको उमेर हदको सम्बन्धमा मिति २०८२ जेठ १ गतेको गोरखापत्रमा प्रकाशित सूचनाबाट स्पष्ट पारिएको बेहोरा समेत अनुरोध छ ।

परीक्षा नियन्त्रक